**यो आकाशवाणी हो**

**मुख्य समाचार**

- प्रधानमन्त्रीले क्रान्तिकारी स्वतन्त्रता सेनानी श्री श्यामजी कृष्ण वर्मालाई उहाँको पुण्यतिथिमा दिनुभयो श्रद्धान्जलि।
- आत्मनिर्भर भारतको निर्माणमा राजस्थानको भूमिका अहम रहने श्री मोदीको भनाई ।
- सिक्किम र अरुणाचल प्रदेशमा लोकसभा चुनावको पहिलो चरण र विधानसभा चुनावका लागि नाम फिर्ता लिने आज अन्तिम दिन।
- मोदी सरकारले महिलाहरूको सशक्तिकरण बढाउनका लागि सबै पहल गरिएको सूचना तथा प्रशासरण मन्त्रीको दाबी, अनि
- भारतीय नौसेनाले अरब सागरमा तेइस जना पाकिस्तानी नागरिकहरूलाई सोमाली समुद्री लुटेराबाट बचायो।

-------------

**प्रधानमन्त्री श्यामजी**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज क्रान्तिकारी स्वतन्त्रता सेनानी श्री श्यामजी कृष्ण वर्मालाई उहाँको पुण्यतिथिमा श्रद्धान्जलि दिनुभयो। प्रधानमन्त्रीले सोशल मीडिया पोस्टमा भन्नुभयो, भारतीय स्वतंत्रता आन्दोलनका लागी उहाँको भावना अनि स्वतन्त्रताका लागि उहाँको प्रतिबद्धतालाई कहिलै पनि बिर्सिन सकिँदैन । श्री मोदीले भन्नुभयो, श्यामजीद्वारा बनाइएको इण्डीया हाउसको स्थापनाले विदेशमा स्वतन्त्रता संग्रामको प्रेरणा स्थलको रूपमा काम गरेको छ। प्रधानमन्त्रीले देशको आजादीमा उहाँको योगदानको सराहना गर्नुभयो। श्री मोदीले भन्नुभयो, श्याम जीले जुन आदर्शका लागी संघर्ष गर्नुभयो, उहाँले त्यस कार्यलाई कायम राख्नका लागि काम गरिरहनु भएको छ।

अठाह्र सय सन्ताउन्नमा श्री श्यामजी वर्माको जन्म गुजरातमा भएको थियो। भारतीय राष्ट्रवाद अनि स्वतन्त्रता आन्दोलनलाई बढावा दिनका लागि लण्डनमा इण्डियन होम रूल सोसायटी, इण्डीया हाउस र द इण्डीयन Sociologist को स्थापना गरिएको थियो।

**राजस्थान-स्थापना दिवस**

राजस्थानले आज आफ्नो पचहत्तर औं स्थापना दिवस मनाइरहेको छ । प्रधानमन्त्री श्री नरेन्द्र मोदीले राजस्थान

स्थापना दिवसको अवसरमा बधाई दि ँदै भन्नुभयो, विकसित अनि आत्मनिर्भर भारतको निर्माणमा राजस्थानको भूमिका अहम रहने छ। उप-राष्टपति श्री जगदीप धनखड़, राज्यपाल श्री कलराज मिश्र अनि मुख्यमन्त्री श्री भजनलालले पनि यस अवसरमा प्रदेश वासिहरूलाई बधाई अनि शुभकामना दिनुभयो। संवाददाताले बताए अनुसार यसै अवसरमा आज विभिन्न कार्यक्रमको आयोजना गरियो।

## राष्ट्रपति भारत रत्न

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मूले आज नयाँ दिल्लीमा राष्ट्रपति भवनमा आयोजित समारोहमा पूर्व प्रधानमन्त्र ी श्री पी. वी नरसिम्हा राव र श्री चौधरी चरण सिंह, कृषि वैज्ञानिक श्री एम. एस स्वामीनाथन र बिहारका दुई पल्ट मुख्यमन्त्री रहेका श्री कर्पूरी ठाकुरलाई मरणो परान्त देशका सर्वोच्च नागरिक सम्मान भारत रत्नले सम्मानित गर्नुभयो। राष्ट्रपतिले भोली नयाँ दिल्लीमा पूर्व उप प्रधानमन्त्री र भाजपाका वरिष्ठ नेता श्री लालकृष्ण **आडवाणी**लाई देशको शीर्ष नागरिक पुरस्कार प्रदान गर्नुहुनेछ।

अलंकरण समारोहमा, पुरस्कार विजेताका परिवारले पुरस्कार प्राप्त गरे। अलंकरण समारोहमा उपराष्ट्रपति श्री जगदीप धनखड, प्रधानमन्त्री श्री नरेन्द्र मोदी, केन्द्रीय गृह मन्त्री श्री अमित शाह, क ंग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खड़गे, विदेश मन्त्री ड ा. एस जयशंकर, बिहारका मुख्यमन्त्री श्री नीतीश कुमार अनि अन्य गणमान्य व्यक्ति उपस्थित हुनुहुन्थ्यो। भारत रत्न देशको सर्वोच्च नागरिक पुरस्कार हो। यो सम्मान असाधारण र उल्लेखनीय सेवाका लागी प्रदान गरिन्छ।

## उपराष्ट्रपति - न्यायिक प्रणाली

उपराष्ट्रपति श्री जगदीप धनखडले भन्नुभएको छ, भारत बलियो न्यायिक प्रणाली भएको लोकतान्त्र ीक राष्ट्र हो र कुनै पनि व्यक्ति वा कुनै समूहले न ्यायीक व्यवस ्थामा दबाव बनाउन सक्दैन। श्री धनखड़ले भारतीय लोकतन्त्रलाई अद्भुत बताउदै भन्नुभयो, भारतलाई कानूनको शासन बारेमा कसैसंग सीख लि न ु आवश्यक्ता छैन। उपराष्ट्रपतिले हिजो नयाँ दिल्लीमा **भारतीय लोक प्रशासन संस्थानको सत्तरीऔं** स्थापना दिवस समारोहलाई सम्बोधन गर्नुभयो। उहाँले भन्नुभयो, कानूनको समक्ष समानता आजको भारतको पहि चान हो। श्री धनखडले भन्नुभयो, कानूनले ती मानिसहरूको जबाब तय गर्दैछ जसले आफैलाई कानूनदेखी माथीको मान्छन्। उहाँले भारतीय न्याय व्यवस्थालाई सशक ्त, जन हितैषी र स्वतन्त्र बताइउनु भयो।

----------

**पहिलो चरण-नाम वापस**

सिक्किम तथा अरुणाचल प्रदेशमा लोकसभा चुनावको पहिलो चरण र विधानसभा चुनावका लागि नाम फिर्ता लिने आज अन्तिम दिन हो। यस चरणका लागि नामाङ्कन पत्र बुधवारसम्म बुझाइएको थियो र बिहीबार नामांकन पत्रको जाँच गरिएको छ । सिक्किमको बतीसबटा विधानसभा सीट र अरुणाचल प्रदेशको साठ्ठीबटा विधानसभा सीटका लागी एक चरणमा उन्नाइस अप्रैलमा मतदान हुनेछ।

पहिलो चरणमा बिहार सहित सत्रवटा राज्य र चारबटा केन्द्र शासित प्रदेशको एक सय दुई लोकसभा सीटमा उन्नाइस अप्रेलमा मतदान हुनेछ। पहिलो चरणमा तमिलनाडु, अरुणाचल प्रदेश, मेघालय, मिजोरम, नागालेण्ड, सिक्किम, लक्षद्वीप, अन्दमान अनि निकोबार द्वीप समूह र पुदुचेरीमा चुनाव हुँदैछ।

बिहारमा संसदीय चुनावको पहिलो चरणका लागी चार संसदीय सीट गया, औरङ्गाबाद, नवादा र जमुईका लागी नामांङ्कन पत्र बुझाइने बिहीबार अन्तिम दिन थियो। आज नामांकन पत्रको जाँच गरिनेछ। उम्मेदवारले दुई अप्रेल सम्म नाम फिर्ता लिन सक्नेछन् । निर्वाचन आयोगले होली अनि बिहार स्थापना दिवसकका कारण बिहारमा नामाङ्कन भरने अन्तिम तिथि बढ़ाइ दीएको थियो।

**ठाकुर-फिक्की**

सूचना अनि प्रशासरण मन्त्री श्री अनुराग सिंह ठाकुरले भन्नुभयो, मोदी सरकारले महिलाहरूको सशक्तिकरण बढाउनका लागि सबै पहल उठाइएको छ जसको एक दशक पहिला कल्पना पनि गर्न सकिदैंन थियो। उहाँले भन्नुभयो, सरकारले व्यापारमा महिलाको सहभागिता बढाउनका लागि अनेक उपाय गरिरहेको छ। श्री ठाकुरले भोली नयाँ दिल्लीमा भारतीय वाणिज्य अनि उद्योग परिसंघ-फिक्कीको महिला शाखाको चालीसऔं वार्षिक बैठकलाई सम्बोधन गर्नुहुँदै छ।

आफ्नो सम्बोधनमा श्री ठाकुरले भन्नुभयो, सरकारले देशमा एकतिस करोड महिलालाई मुद्रा ऋण उपलब्ध गराएको छ र एक करोड महिलाले एक लाख रूपियाँको आयको आंकडा पार गरेको छ जसलाई अब लखपति दीदी भनिन्छ।

## सोमाली - समुद्री डकैती

भारतीय नौसेनाले अरब सागरमा बाह्र घण्टा सम्म चलेको अपरेशनमा तेइस जना पाकिस्तानी नागरिकहरूलाई सोमाली समुद्री लुटेराबाट बचाएको छ। भारतीय नौसैनिक बलले यस प्रकारको घटनासंग निपटने विशेषज्ञता र रणनीतिक समन्वयको प्रयोग गर्दै समुद्री डकैतीसंग बातचीत शुरू गरेको छ र बिना रक्तपात आत्मसमर्पण गर्न विवश गरेको छ। यस सफल अभियान समुद्री डकैतीको घटनासंग निपटने र क्षेत्रमा समुद्री गतिविधीहरूको सुरक्षा सुनिश्चित गर्नमा भारतीय नौसेनाका निर्णायक जीत का प्रतीक हुन्।

ईरानको जहाज 'अल कम्बर 786' को अठाइस मार्चमा भएको अपहरणको जानकारी मिल्नमा समुद्रमा सुरक्षा अभियानका लागी तैनात नौसेनाका दुई भारतीय जहाज – आई.एन.एस सुमेधा र आई.एन.एस त्रिशूललाई यसलाई छुडाउनका लागी पठाइएको थियो। घटनाको समय ईरानी ध्वज भएको जहाज सोकोट्रादेखी लगभग नब्बे समुद्री मील टाडा दक्षिण पश्चिममा थियो।

## विदेशी मुद्रा भण्डार

भारतको विदेशी मुद्रा भण्डार बाइस मार्चमा समाप्त भएको हप्ताहमा चौध करोड डलरबाट बढेर आफ्नो अहिलेसम्मको उच्चतम स्तर छ सय बयालीस अरब डलर भन्दा अधिक भएको छ। भारतीय रिजर्व बैंकले जारी गरेको आंकडामा लगातार पाँचऔं सप्ताह विदेशी मुद्रा भण्डारमा यो बढोत्तरी दर्ता गरिएको बताएको छ।

## अन्त्यमा मुख्य समाचार फेरी एकपल्ट

- प्रधानमन्त्रीले क्रान्तिकारी स्वतन्त्रता सेनानी श्री श्यामजी कृष्ण वर्मालाई उहाँको पुण्यतिथिमा दिनुभयो श्रद्धान्जलि।
- आत्मनिर्भर भारतको निर्माणमा राजस्थानको भूमिका अहम रहने श्री मोदीको भनाई ।
- सिक्किम र अरुणाचल प्रदेशमा लोकसभा चुनावको पहिलो चरण र विधानसभा चुनावका लागि नाम फिर्ता लिने आज अन्तिम दिन।
- मोदी सरकारले महिलाहरूको सशक्तिकरण बढाउनका लागि सबै पहल गरिएको सूचना तथा प्रशासरण मन्त्रीको दाबी, अनि

- भारतीय नौसेनाले अरब सागरमा तेइस जना पाकिस्तानी नागरिकहरूलाई सोमाली समुद्री लुटेर◌ाबाट बचायो।

-------